# बकैया गाउँपालिका
# Bakaiya Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

हात्तीसुडे, मकवानपुर
Hattisunde, Makawanpur

बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.सं. *(Ref No)*: ०७९/०८०
च.नं. *(Dispatch No)*:

मिति:-२०८०।०४।२६

**प्रेस विज्ञप्ति**

विगत केहि दिन देखि यस गाउँपालिकाको नदिजन्य पदार्थ उत्खन्न तथा विक्रि वितरण सम्वन्धीको विषयलाई लिएर विभिन्न राष्ट्रिय तथा स्थानीय संचार माध्यम, अनलाईन न्यूज पोर्टल, स्थानीय पत्रपत्रिकाहरु तथा सामाजिक संजालमा प्रकाशित भ्रामक समाचारप्रति यस गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्वन्धमा सत्यतथ्य विवरण निम्न बमोजिम रहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ:

- जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुरको मिति २०७९।०६।०९ गते यस बकैया गाँउपालिकाभित्र सञ्चालनमा रहेका क्रसर उद्योगहरुको ढुङ्गा, गिट्टि, बालुवाको मौज्दात प्रमाणित गरी फरक देखिएको स्टकको हकमा प्रदेश आर्थिक ऐन, २०७९ बमोजिम असुल उपर गर्ने गरी निर्णय सहित पत्र प्राप्त भएको। जसमा (१) बकैया ठाकुर बालुवा उद्योगको १५६६२ घ.मि. (२) शिवभक्त पार्वती निर्माण सेवाको ११७२९ घ.मि. (३) न्यू दिपशिखा निर्माण सेवाको ४५००५ घ.मि. स्टक आर्थिक वर्ष २०७८।७९ को नदिजन्य पदार्थको स्टक बढी देखिएमा सो सम्वन्धी यस गाउँपालिकाबाट मिति २०७९।०६।०९ गते स्टक प्रमाणीतको जानकारी सहित सम्बन्धित उद्योगहरु (१) बकैया ठाकुर बांलुवा उद्योग (२) शिवभक्त पार्वती वालुवा उद्योग (३) न्यू दिपशिखा निर्माण

Contact No:9855088066 website: www.bakaiyamun.gov.np, email: bakaiyagaunpalika@gmail.com

---

सेवालाई क्रमश १५६६२ घ.मि., ११७२९ घ.मि. र ४५००५ घ.मि. बराबरको जरीवाना गाँउपालिकाको राजश्व खातामा दाखिला गर्न पत्राचार गरिएको।

- उक्त जरीवाना वापतको राजश्व एकहप्ता भित्र दाखिला गर्नका लागी उल्लेखित फर्महरुलाई मिति २०७९/०६/३० तथा २०७९/०७/२२ गते पून: पत्राचार गरिएको। साथै टेलिफोन तथा कार्यालयमा बोलाएर समेत जारीवाना बापतको रकम दाखिलाको लागि ताकेता गरिएको ।
- यसरी पटक पटक ताकेता गर्दा समेत जरिवाना बापतको रकम दाखिला गर्नुको सट्टा निज फर्महरुको नाममा प्रमाणित भएको स्टक विक्री वितरण गर्दा वढि देखिएको स्टक समेत मासिने तथा हराउने अवस्था सृर्जना हुनका साथै जिल्ला समन्वय समितिको कार्यालय तथा सरोकारवाला व्यक्तिहरु तथा कार्यपालिकामा समेत राजश्वको विषयमा पटक पटक उठान भएको हुदाँ गाँउ कार्यपालिकाको मिति २०७९/०९/०५ गतेको बैठकमा एजेन्डा प्रस्तुत हुदाँ यस आर्थिक वर्षको आन्तरिक स्रोत अनुमानमा समेत सात करोड नदिजन्य पदार्थको विक्रि वितरणबाट आम्दानी हुने प्रक्षेपण तथा पालिकाको राजश्वको मुख्य स्रोतको रुपमा रहेको नदिजन्य पदार्थ भएकोले उल्लेखीत परिमाणको नदीजन्य पदार्थ पालिकाले जफत गरी प्रदेश आर्थिक ऐन, २०७९ को न्यनतम दरमा थप १ रुपैया प्रति घनफिट गरी रु ११.३ प्रति घनफिट (VAT सहित ) मा उल्लेखित फर्महरु (१) बकैया ठाकुर उद्योग (२) शिवभक्त पार्वती निर्माण सेवा (३) न्यू दिपशिखा निर्माण सेवा

सहभागी हुन नपाउने गरी सिलबन्दी दरभाउ पत्र आव्हान मार्फत विक्री खुल्ला गर्ने निर्णय भए बमोजिम मिति २०७९/१०/१६ गते सूचना प्रकाशन गरिएको।

- विक्रिका लागि मिति २०७९/१०/१६ मा प्रथम पटक सूचना प्रकाशन गरिएकोमा प्राप्त सिलबन्दी दरभापत्र मूल्याङ्कन गर्दा कुनैपनि फर्म सारभुतरुपमा प्रभावग्राहि नदेखिएकोले मिति २०७९/११/०८ पुन: सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको।
- दोस्रो पटक प्रकाशित सूचना बमोजिम प्राप्त सिलबन्दी दरभाउ पत्र मिति २०७९/१२/०५ गते मुल्याङ्कन समितिको रोहबरमा खोली मुल्याङ्कन गर्दा ठेक्का नं. BRM/NCBR/03/079-080 (Procurement of riverbed material for excavation, collection and selling from bakaiaya -04, Package-01) श्री बकैया कन्स्ट्रकसन, बकैय-०४, ठेक्का नं. BRM/NCBR/03/079-080 (Procurement of riverbed material for excavation, collection and selling from bakaiaya -05, Package-02) श्री ए.एस.सि कन्स्ट्रकसन एण्ड मल्टिप्रपोज कम्पनी प्रा. लि., बकैया-०४ र ठेक्का नं. BRM/NCBR/03/079-080 (Procurement of riverbed material for excavation, collection and selling from bakaiaya -05, Package-03) श्री कुमार श्रेष्ठ कन्स्ट्रकसन प्रा. लि., सारभूतरुपमा प्रभावग्राही भएकोले ठेक्का सम्झौता भई कार्य सम्पन्न भएको ।
- उल्लेखित नदिजन्य पदार्थको विक्रिबाट हाल सम्म गाउँपालिकामा जम्मा रु २ करोड ८८ लाख ९८ हजार ३ सय ८५ रुपैया रकम दाखिला भएको छ ।

बकैया गाउँपालिका
Bakaiya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
हात्तीसुँडे, मकवानपुर
Hattisunde, Makawanpur
वागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

प.सं. *(Ref No)*: ०७९/०८०
च.नं. *(Dispatch No)*:

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातीसुँडे, मकवानपुर वागमती प्रदेश, नेपाल

उल्लेखित सन्दर्भमा बकैया गाउँ कार्यपालिकाले उल्लेखित व्यवसायिक फर्महरुलाई जरीवाना छुट दिने वा जरीवाना बापतको रकम दाखिला गर्न नपर्ने भन्ने निर्णय नगरेको साथै आर्थिक अनियमितता समेत नभएको व्यहोरा जानकारी गराउदछु । हाल सम्मपनि निज फर्महरुले जरिवाना वापतको रकम दाखिला हुन आएको नदेखिएको हुदा यस बकैया गाउँकार्यपालिकाको मिति २०८०।०४।१९ गतेको बैठकले आगामी ३० दिनको समय दिई जरीवाना बापतको रकम दाखिला गर्न लगाउने अन्यथा प्रचलित कानून बमोजिम कारबाही गरिने निर्णय भएको व्यहोरा समेत अनुरोध छ ।

यस सम्बन्धी जिज्ञासा तथा चसो दिई सकारात्मक भुमिका निभाउनुहुने सम्पुर्ण बकैया बासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । सत्य तथ्य नंवुझि व्यक्तिगत रिसिविका कारण राष्ट्रिय मिडियाले समेत यथार्थ भन्दा वाहिर गई पदाधिकारीको नाम जोडी समाचार सम्प्रेषण हुँदा आम जनमानसमा नकारात्मक असर परी असहज परिस्थिति सृर्जना भएको हुदाँ सो प्रति सम्वेदनशील भई समाचार सम्प्रेषण गर्न हुन समेत अनुरोध गर्दछु ।

अन्तमा, बकैया गाउँपालिका बकैयाको समृद्धि, विकास तथा समुन्नतिको लागि निरन्तर लागिरहने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धर्मराज लामिछाने
अध्यक्ष